नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

चरिकोट, दोलखा

फोन ०४९-४२११३३
०४९-४२११०४
फ्याक्स नं ०४९-४२१०१८
इमेल:dolakhadao@gmail.com

पत्र संख्या :
चलानी नं. :

मिति:..२०८२/०६/१६....

**विषय : –** उच्च सतर्कता अपनाउने सम्बन्धी सूचना ।

मिति २०८२ साल असोज १७ गते देखि ऐ.ऐ. २० गते सम्म कोशी, मधेश, वागमती, गण्डकी र लुम्बिनी प्रदेशमा मध्यम देखि भारी बर्षा हुने सम्भावना भएको तथा वर्षाका कारण भू-क्षय, बाढी, पहिरो तथा सडक आवागमन समेत प्रभावित हुन सक्ने भएको हुँदा आवश्यक सतर्कता अपनाउनुहुन जल तथा मौषम विज्ञान विभाग, मौषम पुर्वानुमान महाशाखाबाट सूचना समेत प्रकाशित भएको सन्दर्भमा उच्च सतर्कता अपनाउनुहुन तथा उल्लेखित अवधिमा अति आवश्यक बाहेक सवारी साधनबाट यात्रा नगर्नु हुन सबै दोलखा जिल्लावासीहरूमा सादर अनुरोध गरिन्छ ।

तामाकोशी नदी, सिंगटी खोला, घट्टेखोला, चरङ्गे खोला, रोल्वालिङ खोला, खानी खोला र गंगोर खोलाको तटमा बसोबास गर्ने नागरिक तथा विगतमा पहिरो गएका जोखिम युक्त क्षेत्र लापिलाङ्ग, ओराङ्ग लगायतका अन्य सम्भावित बाढी पहिरो जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकहरूलाई बाढी तथा पहिरोको जोखिमबाट सुरक्षित रहन सबै जिल्लाबासीहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सम्भावित जोखिमको यस घडीमा प्रचार प्रसारको समेत आवश्यक व्यवस्था गरिदिनुहुन जिल्लास्थित सम्पूर्ण सञ्चार माध्यमहरूलाई समेत बिशेष अनुरोध गरिन्छ ।

२०८२।६।१६

.....................
भोला दाहाल
प्रमुख जिल्ला अधिकारी